आज मिति २०७७ साल पौष २१ गते मंगलबारका दिन दिउसो १:०० बजे यस बरियारपट्टी गाउँपालिकाको अध्यक्ष श्री सन्तोष कुमार माहतोज्युको अध्यक्षतामा बसेको बैठकमा तपसिल बमोजिमको महानुभाबहरुको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सन्तोष कुमार महतो | अध्यक्ष | |
| २. | श्रीमति रेखा कुमारी यादव | उपाध्यक्ष | |
| ३. | श्री नेबालाल यादव | अध्यक्ष वडा नं. १ | |
| ४. | श्री विजय कुमार महतो | अध्यक्ष वडा नं. २ | |
| ५. | श्री अनन्त लाल यादव | अध्यक्ष वडा नं. ३ | |
| ६. | श्री नबिन कुमार यादव | अध्यक्ष वडा नं. ४ | |
| ७. | श्रीमति ममता कुमारी यादव | अध्यक्ष वडा नं. ५ | |
| ८. | श्रीमती सरोज देवी राय | कार्यपालिका सदस्य | |
| ९. | श्रीमती रिता देवी चमार | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १०. | श्रीमती शान्ति देवी मण्डल | कार्यपालिका सदस्य | |
| ११. | श्री चन्दन कुमार सिंह | कार्यपालिका सदस्य | चन्दन |
| १२. | श्री सुरेन्द्र ठाकुर | कार्यपालिका सदस्य | |
| १३. | श्री रंजित जंग अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

**निर्णय नं. १ :** प्रस्तुत बिषयमा छलफल गर्दा यस गा.पा. अन्तर्गत संचालित सामुदायिक विधालयहरुमा कार्यरत बिद्यालय कर्मचारी, विधालय सहयोगि तथा वालविकास सहयोगी कार्यकर्ताहरु समेतलाई नेपाल सरकारले न्यूनतम तलव (पारिश्रमिक) दिईरहेकोले उनीहरुलाई कामकज गर्न मानसिकत्ता कमजोर भएरहेको अवस्थामा श्रमिक ऐन अनुसार न्यून पारिश्रमिक भएकोले बालविकास देखि माध्यमिक विधालय सम्मको रेखदेख, सञ्चालन र ब्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारको रहेको हुदा मिति २०७७ श्रावण देखि लागु हुने गरि यस गा.पा.अन्र्तगतका तपसिलका संख्याको बिद्यालय कर्मचारी, विधालय सहयोगि तथा वालविकास शिक्षिकाहरुलाई निम्न अनुसार मासिक रुपमा पारिश्रमिक रकम थप गर्ने निर्णय गरियो ।

तपसिल :-

| क.सं. | पद | जम्मा सं. | मासिक थप रकम दर | मासिक जम्मा रु. | बार्षिक जम्मा रु |
|---|---|---|---|---|---|
| १ | बाल विकास स.का. | २९ | २५०० | ७२५०० | ८७०००० |
| २ | विधालय सहयोगी | २३ | २००० | ४६००० | ५५२००० |
| ३ | विधालय कर्मचारी | ३ | ५००० | १५००० | १८०००० |
| | जम्मा :- | ५५ | - | १३३५०० | १६०२००० |

**निर्णय नं. २ :** प्रस्तुत बिषयमा छलफल गर्दा यस बरियारपट्टी गा.पा. अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरुमा प्रारम्भिक वाल विकास कक्षा देखि पाँच (५) कक्षा सम्म अध्यनरत वालवलिकाहरुको लागि दिवा खाजा कार्यक्रम सञ्चालन गर्न कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७/०७८ बमेजिम विद्यालय दिवा खाजा व्यवस्थापन मोडेल अन्र्तगत विद्यालय व्यवस्थापन समितिवाट अभिभावक आमा समुह गठन गरि उक्त समुहको प्रत्यक्ष रेखदेखमा बिद्यालयवाट दिवा खाजा व्यवस्थापन तथा खुवाउने र विद्यालयमा विद्यार्थी हाजिरी (परीक्षामा सामेल भएको दिन समेत) भएको दिनको गनना गरि विधार्थीको आमा समूहको प्रत्यक्ष रेखदेखमा दिवा खाजा सञ्चालन गर्ने र विद्यालयहरुले विद्यालयमा अध्यनरत वालवालिकाहरुको आमा अभिभावक मध्येवाट ७ सदस्यीय सम्मको आमा समुह गठन गरि बि.व्य.समितिको निर्णय र बिद्यालय दिवा खाजा प्रस्ताावना सहित २०७७ पुष मसान्त भित्र यस गा.पा.को गाउँ शिक्षा,युवा तथा खेलकुद शाखामा सम्पूर्ण कागजात सहित फायल पेश गर्न लगाउने र रित पुगेका फायललाई कार्यान्वयन गरि मिति २०७७/१०/२ गते देखि विद्यालयमा दिवा खाजा खुवाउने व्यवस्था मिलाउनको लागि सम्वधित बिद्यालयहरुमा दिवा खाजा वापत अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्तुत छलफल गर्दा बरियारपट्टी गा.पा. स्तरीय अर्धवार्षिक परीक्षा संचालन, बार्षिक परीक्षा, बिधार्थी भर्ना अभियान संचालन, कक्षा-८ को परीक्षा सञ्चालन जस्ता शैक्षिक कार्यहरु सञ्चालनको लागि रेखदेख, अनुगमण गर्न अति आवस्यक भएकोले अनुगमण समितिमा गा.पा. प्रमुख, कार्यपालिका मध्येका सदस्यहरु, शिक्षा समिति मध्येका सदस्यहरु, प्रमुख प्र.अधिकृत, प्रसाशन, लेखापाल/सह लेखापाल, र शिक्षा शाखाको प्रमुख, सहायक उप प्रमुख रहने गरि शैक्षिक कार्य सञ्चालन अनुगमण समिति गठन गरियो भन्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्तुत बिषयमा छलफल गर्दा एम्बुलेन्स खरिदको लागि गाउँसभा बाट विनियोजित बजेट परिधि भित्र रहि खरिद गर्ने र राजश्व छुटको लागि सिफरिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्तुत बिषयमा गा.पा. का लागि जेनेरेटर खरिदको लागि गाउँसभाबाट बिनियोजित रकममा अपुग हुन आउने रकम भैपरी आउने पूँजिगत शिर्षक बाट थप गरिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्तुत बिषयमा बरियारपट्टी गाँ.पा. अन्तर्गत सेवा करारमा ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारीको लागि माशिक तलब रु. २२५०० /- (अक्षरेपी रु. बाईस हजार पाँच सय मात्र ) निर्धारण गरिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गतका नेपाल प्रहरीको लागि माशिक ईन्धन १५ लिटर पेट्रोल र मर्मत बार्षिक रु. २०००० /- (अक्षरेपी रु. बिष हजार मात्र) त्यस्तै शसस्त्र प्रहरीको हकमा माशिक रुपमा डिजल ४० लिटर र मर्मत बार्षिक रुपमा रु. ८०००० /- (अक्षरेपी रु. असी हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्तुत बिषयमा यस बरियारपट्टी गाउँपालिकाको लागि शसर्त अनुदान तर्फ रु. ९००००० /- र वित्तिय समानिकरण अनुदान बाट रु. १०००००० /- गरि जम्मा रकम रु. १९००००० /- को प्रचलित कानुन बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्तुत बिषयमा यस गाउँपालिकाको लागि सभा बुक ५०० प्रति र योजना किताब १००० प्रति छपाउने र यसमा लाग्ने अनुमानित बजेट रु. ५००००० /- कार्यालयको मसलन्द तथा कार्यालय सामग्री शिर्षक बाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्तुत बिषयमा छलफल गर्दा शितलहर बाट हुने क्षतीलाई न्यूनिकरण गर्न दाउरा २०० क्विन्टल र कम्बल रु. ५००००० / वरावरको खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गका प्रत्येक वडामा राज्शव व्यवस्थापन सफटवेयर जडान गर्ने र यसमा लाग्ने बजेट भैपरी आउने पुँजिगत खर्च शिर्षक बाट व्यहोरने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्तुत बिषयमा यस गाउँपालिका कार्यालय भवनको दोस्रो तल्लामा ट्रस निर्माण र अल्मुनियमको पार्टिसियन गर्न लाग्ने बजेट भैपरि पूजिंगत खर्च शिर्षक बाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्तुत बिषयमा यस गा.पा. कार्यालयको लागि जिन्शी व्यवस्थापन सफ्टवेयर र योजना व्यवस्थापन सफ्टवेयर खरिद गर्ने र यसमा लाग्ने बजेट मिल्ने शिर्षक बाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** प्रस्तुत बिषयमा सार्वजनिक एलानी पर्ति जग्गा संरक्षण गर्न डोरहाजरीमा १ जना अमिन भर्ना गर्ने र रु.५००००० /- बराबरको पिल्लर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** प्रस्तुत बिषयमा तपसिल बमोजिमको विद्यालयहरुमा फर्निचर व्यवस्थापन गर्न यस बरियारपट्टी गा.पा. को गाउँसभा बाट पारित विद्यालय मर्मत तथा फर्निचर व्यवस्थापन शिर्षक बाट अनुदान दिने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | वडा नं. | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | श्री आ.वि. कचनारी | १ | ३००००० /- |
| २. | श्री राम जानकी आ.वि. नरगी चौक | १ | १५०००० /- |
| ३. | श्री शंकर आ.वि. नरगी | १ | १००००० /- |
| ४. | श्री जनकल्यान आ.वि. कचनारी | १ | १००००० /- |

| | | | |
|---|---|---|---|
| ५. | श्री जनता आ.वि. गरगमा | १ | १०००००/- |
| ६. | श्री ज.मा.वि. खोक्सी जानकीनगर | २ | ३०००००/- |
| ७. | श्री अधारभुत विद्यालय श्रीपुर | २ | १५००००/- |
| ८. | श्री ज.मा.वि. बरियारपट्टी | ३ | ३०००००/- |
| ९. | श्री ज.मा.वि. देउरीपट्टी | ३ | ३०००००/- |
| १०. | श्री सरस्वती आ.वि. बरियारपट्टी | ३ | १०००००/- |
| ११. | श्री आ.वि.सोहपुर | ४ | १५००००/- |
| १२. | श्री आ.वि. तेनुवापट्टी | ४ | १०००००/- |
| १३. | श्री दलित बराकी आ.वि. सोहपुर | ४ | १०००००/- |
| १४. | श्री ज.मा.वि. जिझौल | ५ | ३०००००/- |
| १५. | श्री जनता आ. वि. जिझौल | ५ | १०००००/- |

**निर्णय नं. १६ :** प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयमा आर्थिक सहयाताका लागि रीत पूर्वक पेश हुने निवेदनमा गा.पा. अध्यक्षको तोक आदेशानुसार रु. २ हजार देखि रु. १५ हजार सम्म आर्थिक सहायता दिने निर्णय गरियो ।

**निर्णय नं. १७ :** प्रस्तुत विषयमा यस गा.पा. को आ.व. २०७६/०७७ को भुक्तानी हुन बाँकि रहेका योजना तथा कार्यक्रमहरुको फाईलको भुक्तानीको लागि पूर्व प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार सिंह ज्यू लाई अनुरोध गर्ने यदि अनुरोध गरे पश्चात नमानेको खण्डमा प्रचलित कानुन अनुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८ :** प्रस्तुत विषयमा गत बर्षको भुक्तानी हुन बाँकि रहेका उपभोक्ता समिति बाट संचालित योजना तथा कार्यक्रमहरु लाई पूनः मूल्याङ्कन तथा अनुगमन बमोजिम गाउँसभाबाट पारित सम्वन्धित शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९ :** प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका स्तरीय अनुगमन समितिले हप्ताको २ दिन मंगलवार र शक्रवार अनुगमन गर्ने र यस वापतको भत्ता गाउँसभाको निर्णयानुसार हुने निर्णय गरियो ।

**निर्णय नं. २० :** प्रस्तुत विषयमा बालविकासको तलब गाउँसभाबाट परित भए बमोजिम दिने निर्णय गरियो ।

**निर्णय नं. २१ :** प्रस्तुत विषयमा छलफल गर्दा वडा नं. २ को सामाजिक परिचालकलाई हाजरी प्रमाणित भए बमोजिम कागजात र प्रक्रिया रीत पूर्वक पुरा भई आएमा नियामानुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २२ :** प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश नं. २ को प्रदेश सभाको स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुंबिधा ऐन, २०७७ बमोजिम सेवा सुबिधा दिने निर्णय गरियो ।